# मधुवननगरपालिका
**(Madhuwan Municipality)**
# नगर कार्यपालिकाको कार्यालय
**(Office of the Municipal Executive)**
बर्दिया(Bardiya)
लुम्बिनी प्रदेश, नेपाल(Lumbini Province, Nepal)
Google Plus Code : 77RC+RC Sanoshree Taratal

प.स.(Ref No.) :-२०८२/०८३
च.न.(Issue No.):-

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

मिति :- २०८२/१२/१०

**बिषय :- निःशुल्क सिपमुलका तालिम सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा *पोखरा भ्याली टेक्निकल ट्रेनिंग इन्स्टिच्युट प्रा.लि.* ( ***POKHARA VALLEY TECHNICAL INSTITUTE PVT.LTD.***) को आर्थिक सहयोगमा यस मधुवन नगरपालिका क्षेत्रमा रहेका युवावर्गलाई तपशिलमा उल्लेखित ४ महिने र ६ महिने निःशुल्क तालिम संचालन हुने भएको हुदाँ बैदेशिक रोजगारीमा जान चाहने युबाहरु, बैदेशिक रोजगार तथा स्वदेशमा रोजगारी र उद्यमी बन्न चाहाने युबाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र मधुवन नगरपालिकाको रोजगार सेवा केन्द्रमा आवेदन दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | तालिमको बिषय | माग संख्या | तालिम आवधी | योग्यता | आश्यक कागजातहरु |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिंग | १० जना | ४ महिने | ➢ उमेर समूह १७ बर्ष देखि ४० वर्ष सम्म ।<br>➢ नेपाली नागरिक । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |
| २ | डकर्मी, प्लम्बर र स्टील फिक्चर | १० जना | ४ महिने | ➢ उमेर समूह १७ बर्ष देखि ४० वर्ष सम्म ।<br>➢ नेपाली नागरिक । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |

प.स.(Ref No.) :-२०८२/०८३
च.न.(Issue No.):-

मिति :- २०८२/१२/१०

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | २ जना | ४ महिने | ➢ उमेर समूह १७ बर्ष देखि २७ वर्ष सम्म ।<br>➢ नेपाली नागरिक ।<br>➢ ८ कक्षा पास । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |
| ४ | बेशिक र एड्भान्स इलेक्ट्रीकल | २ जना | ६ महिने | ➢ उमेर समूह १७ बर्ष देखि २७ वर्ष सम्म ।<br>➢ नेपाली नागरिक ।<br>➢ ८ कक्षा पास । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |

*तालिममा सुबिधाहरु :-*

- तालिम पूर्णरुपमा निशूल्क।
- खाना तथा बस्न निशूल्क व्यबस्था।
- प्रतेक महिना रु १००० /- निर्बाहा भत्ता पाउने ।
- आउने र जाने बस भाडा ( एक पटक ) को व्यवस्था ।

*तालिममा संचालन हुने स्थान :-*

*रानी पौवा, कास्की ( PVTTI ) को तालिम हलमा ।*

नोटः- *तालिम सम्बन्धी बिस्तृत जानकारीलिन मधुवन नगरपलिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहिन अनुरोध छ ।*

सम्पर्क नं.९८१२५२३२४८ र ९८५८०४३४१३ .

धर्मराज न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्ष्टिच्युट प्रा.ली (PVTTI) र तालिममा सहभागीको लागि सम्झौता पत्र ।**

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्ष्टिच्युट प्रा.ली ले संचालन गर्ने विभिन्न विषयका सिपमुलक तालिम विभिन्न स्पोनसर(डोनर वेश) तथा (फि वेश) शुल्क तिरेर संचालीत तालिम .................................................. .(तालिमको विषय) लागि पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्ष्टिच्युट प्रा.ली (PVTTI) (यस पछि प्रथम पक्ष भनिने र तालिमा सहभागी म श्री.....................................को छोरा.....................................................निबासी श्री................................................ (यस पछि दोस्रो पक्ष भनिने) बिच तल उल्लेखित बुदाहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

## प्रथम पक्षको जिम्मेवारी

- प्राबिधिक शिक्षा तथा व्यावासयिक तालिम परिषद (CTEVT) तथा सम्बन्धीत स्पोन्सरले निर्माण गरेको पाठ्क्रम अनुसारको निशुल्क तालिम संचालन गराउने छौ ।
- तालिमको स्थान पोखरा महानगरपालिका वडा न.११ रानीपौवा,कास्की स्थीत (PVTTI) को तालिमहलमा हुनेछ ।
- तालिमको अवधि भर खाने बस्ने सुविधा निशुल्क व्यावस्था गरिने छ ।
- तालिम मा सहभागीहरु लाई तालिम स्पोनसर/संघ/संस्था/कार्यलय को नियम अनुसारको यातायात खर्च, मासिक पकेट खर्च युनिर्फम आदि सुविधा नि-सर्थ उपलब्ध गराईने छ ।
- तालिम अवधि भर को लागि दुर्घटना बिमा गरिने छ ।
- तालिमको सम्पुर्ण कोर्ष पुरा भए पछि मात्र सहभागिले राखेको धरौटि रकम तथा प्रमाण पत्र वितरण गरिने छ ।
- तालिम को सम्पुर्ण  कोर्ष पुरा नभएमा धरौटि रकम तथा प्रमाण पत्र उपलब्ध गराइने छैन ।

## दोस्रो पक्षको जिम्मेवारी

- यस तालिमा सक्रिय रुपमा भाग लिई सम्पुर्ण कोर्षलाई पुरा गनुपर्ने छ । यदि पुरा नगरेमा बाकी तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- PVTTI र तालिम सहभागी बिचको समझदारीमा बनेको समय तालिका तथा निति नियमहरु लाई पुर्ण रुपमा पालाना गनुपर्ने छ ।

- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ । यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाँकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन ।
- तालिम अवधिमा दुर्घाटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यर्होन पर्ने छ ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ । उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ ।
- तालिम अबधिमा आफुले तालिम संग सम्बन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ ।
- पर्खाल तथा गेट बाट फिढकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भएमा Insurance गरिने छैन ।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन ।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका बुदाहरु आपसी सहमतीमा गरिने छ ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु बुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु । उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ । यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारबाही व्यर्होने छौ ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फबाट |
|---|---|---|
| .................. | ........................... | ............................. |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |